अपाङ्गता भएका व्यक्तिहरुको पहुँचको अधिकार तथा अपाङ्गतामैत्री संरचना निर्माणका बारेमा निर्माण कम्पनीहरु, डिजाइनर वा इनिजनियरहरुमा चेतना जगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily






वर्ष ५ | अंक २२१ | १९ फागुन २०७६ सोमबार | 2 March 2020 Monday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ


# भ्रमण वर्षको चम्किलो तारा राजापानी

**कपिलवस्तुको बाणगंगा नगरपालिका ४ गजेहडाबाट करिब ४ किलोमिटर पूर्ब तर्फ रहेको र पूर्वपश्चिम राजमार्गसँगै जोडिएको पर्यटकिय स्थल राजापानी ४ सय ५२ हेक्टर क्षेत्रफलमा फैलिएको बनको करिब २८ प्रतिशत क्षेत्र पर्यटकीय स्थलका लागि छुट्याईएको छ ।**



**पार्वती पाण्डे**
कपिलवस्तु १८ फागुन

नेपाल भ्रमण वर्ष सन् २०२० को चम्किलो ताराको रुपमा कलिवस्तुको राजापानी क्षेत्र उदयमान हुदै गएको छ । वाणगंगा नगरपालिका स्थित राजा शुद्धोधनले मुलको पानी खाएकाले राजापानी भनिएको उक्त स्थल पर्यटकीय गन्तब्य बन्दै गएको छ । यस स्थलमा आन्तरिक र बाह्य पर्यटकहरुको घुईचो लाग्ने गरेको छ । जिल्लाका विभिन्न स्थान देखि छिमेकी जिल्ला रुपन्देही , अर्घाखाँची , प्युठान , दाङ लगायतका स्थानबाट पर्यटकहरु आउने गरेका छन । यहाँ आउने पर्यटकहरु विशेष गरेर वनभोजमा आउने गरेका छन । आउने पर्यटकहरु वनवरिपरिको रमाइलो र कल कली बगेको मुलको पानी हेर्ने गर्छन। जिल्लाको राजापानी हाल आकर्षण र सौन्दर्यताले थप चम्किँदैछ गएको छ । कपिलवस्तुको बाणगंगा नगरपालिका ४ गजेहडाबाट करिब ४ किलोमिटर पूर्ब तर्फ रहेको र पूर्वपश्चिम राजमार्गसँगै जोडिएको बन क्षेत्र यतिखेर जिल्लामै एउटा नमुना गन्तव्यका रुपमा विकास भइरहेको छ।

वन भित्र निलगाई , चित्तल , अजिंगर , गिद्ध , बाँदर , खरायो राखिएको छ। यि पशुपंक्षिहरुलाई हेरेर पर्यटकहरु रमाउने गर्छन। जिल्लामा रहेको पर्यटकीय स्थल राजापानी सामुदायिक बन पछिल्लो समय पर्यटनको मुख्य आर्कषणको केन्द्रबिन्दु बन्दै गएको हो। जाडो मौसमको समयमा बिशेष गरि वनभोज खाने नेपाली प्रचलन अनुसार सुन्दर हरियाली बनक्षेत्र संगै पोखरी र साना खोलानाला क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटनहरुको आउने क्रम वद्धदै गएको हो। पछिल्लो समय कपिलवस्तुको पर्यटन बिकासमा यस राजापानी सामुदायिक बनले मुख्य भुमिका निर्वाह गरेको वनका अध्यक्ष ढाकाराम अधिकारीको भनाई छ। ४ सय ५२ हेक्टर क्षेत्रफलमा फैलिएको बनको करिब २८ प्रतिशत क्षेत्र पर्यटकीय स्थलका लागि छुट्याईएको छ। दैनिक सयौंको संख्यामा आउने पर्यटनले गर्दा राजापनीको बिकासमा सहयोग पुगेको छ भने स्थानियले मात्र नभएर स्थानिय सरकारले पनि पर्यटकीय स्थल राजापानिको बिकासमा सहयोग गरिरहेका छन।

वनले चालु आर्थिक वर्षमा ३ करोड २२ लाख ५० हजार वजेटको योजना बनेको छ । जसमा १ करोड २२ लाख आन्तरिक र २ करोड वाहियबाट वजेट ल्याउने योजना रहेको वनका अध्यक्ष ढाकाराम अधिकारीले बताए । अत्याधुनिक फुलवारी सहितको पार्कलाई व्यवस्थित गर्ने पहिलो काम पार्कको डिपिआर गरिसके पछि मात्र बजेटको योजना समबन्धित ठाउँमा पेश गर्ने उनले जनाए। वनभोज आउनेहरुबाट आम्दानी पनि भैरहेको छ। बजनभोज कार्यक्रम आउने

(बाँकी ३ पेजमा >>>

# अख्तियारमा स्थानीय तहका उजुरी बढी

रुपन्देही १८ फागुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बुटवल कार्यालयमा आर्थिक वर्ष २०७६/०७७ को सात महिनाको अवधीमा सवैभन्दा बढी स्थानीय तहसंग सम्वन्धित उजुरी परेका छन।

अख्तियारको बुटवल कार्यालयले आईतवार संचारकर्मीहरुसंग गरेको अन्तरक्रियामा सात महिनाको अवधीमा एक हजार ९९ उजुरी परेकोमा ५ सय ८३ वटा उजुरीको फर्स्योट भएको जानकारी दिएको हो।

अख्तियारमा परेका उजुरीमध्ये विषयगत रुपमा सवैभन्दा बढी स्थानीय तहसंग सम्वन्धित ३ सय ९३ रहेका छन भने त्यसपछि धेरै शिक्षामा ३ सय २ उजुरी परेको छ।

त्यसैगरी भूमि सम्वन्धमा १ सय १५, वन तथा वातावरणमा ५६, गृह ३४, कृषि ३१, भौतिक २९, उर्जा २८, स्वास्थ्य २४, खानेपानी १८ र अर्थ सम्वन्धि १२ वटा उजुरी परेको अख्तियारको बुटवल कार्यालयले जनाएको छ।


अख्तियारका बुटवल प्रमुख डा. भीष्मकुमार भुसालले विभिन्न संचार माध्यममा आएका अनियमितता लगायतका समाचारलाई पनि अख्तियारले अनुसन्धानको दायरामा ल्याउने गरेको बताउँदै आगामी दिनमा अख्तियारबाट दिने सूचनालाई छिटो र प्रभावकारी वनाउने बताउनु भयो।

त्यसैगरी अख्तियारको बुटवल कार्यालयका उपसचिव रमेश ढकालले स्थानीय तहसंग सम्वन्धित उजुरीहरु धेरै पर्ने गरेको बताउँदै त्यसमा पनि उपभोक्ता समितिवाट हुने अनियमितता, निर्माण तथा खरिद कार्यमा प्रतिष्पर्धा नगराईनु, गुणस्तर र मूल्यमा अनियमिता, एउटै कामलाई टुक्रा टुक्रा गरी उपभोक्ता समितिमार्फत गर्ने तथा नदीजन्य पदार्थ निकासी सम्वन्धि उजुरी धेरै परेको बताउनु भयो।

विगत सात महिनाको अवधीमा अख्तियारको बुटवल कार्यालयले विभिन्न ३४ वटा स्टिङ अपरेसन गरेको जनाएको छ।

आयोगले सूचनादातामा सहयोगीवन र विश्वसनीयताको कमी, सेवाग्राहीले विचौलियामार्फत सरकारी सेवा लिने प्रवृत्ति बढ्नु, निर्णय कार्यान्वयनमा सरोकारवाला निकायको उदासिनता, भ्रष्टाचार नियन्त्रणको प्रयास भएपनि उल्लेख्य सुधार नभएको, नागरिकको अपेक्षा अनुरुप सुशासनको प्रत्याभूति हुन नसकेको, प्रविधिको विकाससंगै भ्रष्टाचारका स्वरुप र शैलीमा परिवर्तन हुन नसक्नु समस्या र चुनौतिका रुपमा लिएको जनाएको छ।




# पूर्वसभामुख महरा नेपालभारत सिमा क्षेत्रमा



**दिवाकर पोखेल**
दाङ १८ फागुन

पूर्वसभामुख कृष्णवहङादुर् महरा नेपाल भारतको सिमा कोइलाबास नाकाको पुगेर स्थलगत अवलोकन गर्नुभएको छ। महरासंगै प्रदेश साँसद इन्द्रजित थारु, गढवा गाउँपालिका अध्यक्ष सहजराम यादव, उपाध्यक्ष शान्ती चौधरी वडा अध्यक्षहरु र गढवा उद्योग बाणिज्य संघका अध्यक्ष सहितको टोली कोइलाबासमा पुगेर स्थलगत अवलोकन गरेको हो। लमही कोइलाबास सडक खण्डको निर्माण अवस्था, कोइलाबासको भन्सार, रामजानकी मन्दीर लगायतको स्थलगत अवलोकन गरे्पछि पूर्वसभामुख महराले लमही कोइलाबास सडकको बारेमा निर्माण कम्पनीसंग चाँसो व्यक्त गर्नुभएको थियो।

सडकको गुणस्तरमा ध्यान दिन र समयमै सडक निर्माण कार्य सम्पन्न गर्न पूर्वसभामुख महराले निर्माण

(बाँकी ३ पेजमा >>>

# सम्पादकीय

## जोखिममा रहेछ जोगिऊँ

कोरोना भाइरस(कोभिड-१९)को उच्च जोखिममा नेपाल पनि छ भनेर जानकारी गराएको छ विश्व स्वास्थ्य संगठनले । समयमै त्यसरी जानकारी गराउँदा गराउँदै पनि जोखिमबाट जोगिने उपाय अपनाइदैन भने कसैले पनि जोगाउन सक्नेछैन भोलि । भ्रमण वर्ष २०२० लाई नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा स्थगन गरे पनि नेपालभित्रका लागि स्थगन गरेको छैन र छैन विदेशी उडान बन्द गरेको र सवारी आवागमन रोकेको पनि । रोकोस्, छेकोस् र सुरक्षित हुन तथा सावधानी अपनाउन लगाओस् । काठमाण्डौको टोखा नगरपालिकाले महोत्सव रोकेर राम्रो गरेछ । अझै सतर्कता अपनाउनतिर सोचिएको छैन यता र मेला महोत्सव लगाउन दिइन्छ । महायज्ञ सञ्चालन गरिन्छ । प्रत्येक दिन साप्ताहिक हाट बजार लाग्छ विभिन्न ठाउँमा । विद्यालय बन्द गरिएका छैनन्, त्यो अवस्था नआएको हुनाले पनि होला । तर सतर्कचाहिँ रहनै पर्ला ।

मेला, महोत्सव र हाट बजारलाई निगरानीमा राख्दै गर्ने र विद्यालयमा पनि जानकारी गराउँदै राख्ने हो भने विद्यार्थी मार्फत सचेत हुने छन् अभिभावकहरु । सचेत भएर मात्रै पुग्दैन हाम्रोमा । उपाय नै छैन, विपन्नताको विकल्प देखिदैन, सम्पन्न बनाउने संकल्पले कहिलै काम गर्दैन । अमेरिकाको वासिङ्टनमा एकजनाको मृत्युहुँदा वित्तिकै संकटकाल लगाइएको छ । दक्षिणकोरिया, क्वतार, इरान र इराकमा फैलिएको कोरोना भाइरस पाकिस्तान र भारतमा पनि बढ्दैछ विस्तारै । चीनबाट ल्याएर भक्तपुरमा राखिएकाहरुलाई घर जान दिने तयारी भैरहेका बेलामा ३ जनामा कोरोना देखिएको भन्ने हल्ला चलाइएको छ र सामाजिक सञ्जालमा समेत फैलाइएको छ । कति साँचो हो त्यो ? झुटो खबर रहेछ भने त्यस्तो भ्रम फैलाउनेलाई नसिहतचाहिँ दिनै पर्छ । यति संवेदनशील मामलामा मनपरी हल्ला फैलाउन, भ्रम छर्न र आतङ्कित पार्न पाइदैन । सूचनाको दुरुपयोग हो त्यो । कार्बाही हुनै पर्छ ।

उच्च सतर्कता अपनाउनका लागि बालुवाटार बैठक बसेछ र उप-प्रधानमन्त्री इश्वर पोखेलको नेतृत्वमा समिति पनि बनाएछ नेपाल सरकारले । काम गर्न सक्ने हुनु पर्‍यो समिति र हरेक सीमा क्षेत्र तथा अन्तर्राष्ट्रिय हवाई अड्डामा उत्रेका आगन्तुकको परीक्षणको व्यवस्था गरिनु पर्‍यो । उपकरण, परीक्षण, चिकित्सक, सुरक्षितकक्ष सहितको आरोग्यशाला र औषधिको अभाव भएको कुरा सुन्न नपरोस् कसैले । सन्तोषको सास फेर्न पाउन सबैले । मान्छेलाई पो अन्तर्राष्ट्रिय कानुन लाग्छ, पासपोर्ट(राहदानी) र भीसा(प्रवेशाज्ञा) माग्न सकिन्छ । कोरोनालाई लाग्दैन केही पनि र छेक्न गाह्रो पर्छ । उडेर र गुडेर जसरी पनि आउन सक्छ । आइसकेपछि सतर्क हुनु भनेर पनि सकिन्न, गाह्रो पर्छ । सहायकमन्त्री उपचाररत रहेछन् इरानमा र सांसद बनेको एकहप्तामै परलोक पुगेछन् एकजना । अरुको हालत झन् कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ । मान्छे जम्मा पार्ने, आमसभा गर्ने र भाषण ठोक्ने, भीडभाडमा रमाउने चलनलाई सतर्कतातिर सोझ्याउन सकिएन भने समस्या थप्ने छ । ध्यानमा बसेर, माला जपेर, कोटी होम गरेर र महायज्ञ लगाएर, पुराण सुनाएर, भाषण भट्याएर भगाउन सकिने छैन कोरोनालाई । सन्त, महन्त, योगी, जोगी, नेता, दलाल, व्यापारी, अभिभावक, विद्यार्थी, कर्मचारी, वकिल, पत्रकार, ठेकेदार आदि कसैलाई चिन्दैन कोरोनाले ।

# किसान नचिन्ने कृषि नीति

**मनिकर कार्की**

रूपन्देही जिल्लाको शुद्धोधन गाउँपालिकास्थित फर्साटिकरका प्रकाश खनालले वैदेशिक रोजगारका लागि झन्डै एक दशक विभिन्न देश चहारेस वर्षौं देशदेशावर डुल्दा धेरै उकाली-ओराली भोगेस थरीथरीका अनुभव बटुले तर सोचेअनुरूप धन भने बटुल्न सकेनन। परदेशमा बसेर काम गर्दै गर्दा उनमा विदेशी भूमि दीर्घकालीन नहुने चेत पलायो र आफ्नै गाउँठाउँमा केही उत्पादनशील काम गर्ने अभिलाषाका साथ फर्किए। नेपाल फर्किएपछि यताउता डुल्दाडुल्दै उनी कृषितर्फ आकर्षित भए। अनि आफ्नै गाउँघरमा आफ्नो र केही अरूको समेत गरी तीन बिघा जमिन एकत्रित गरी ऋणधन गरेरै व्यावसायिक तरकारी खेती सुरु गरे।

व्यवस्थित र आधुनिक शैलीमा गरिएको तरकारी खेतीले छोटो समयमै प्रख्याति पनि पायो। उनको कृषि पौरख हेर्न नजिकैको सहर (अहिले त प्रादेशिक मुकाम) बुटवलबाट बैंक म्यानेजर, सामाजिक कार्यकर्ता, राजनीतिक दलका नेता-कार्यकर्तादेखि प्रदेश सरकारका मन्त्रीसम्म पटकपटक पुगे। तर उनले तरकारी खेतीबाट केकस्तो लाभ पाए ? त्यो भने कसैको चासो बनेन, बन्ने कुरा पनि भएन। उन्नत प्रविधिसहित तरकारी खेती गर्न कस्सिएका उनको जग्गा तयारी लागत भने अनुमान गरेभन्दा तेब्बर पुग्यो। परिणामतः उनी सुरुमै ऋणमा परे। अनि गाउँघरमा महँगो ब्याजमा पैसा सापटी लिएर तरकारी खेती धानिरहेका छन्। उनले कहींकतैबाट सहयोग र अनुदान त परै जाओस्, सहुलियतपूर्ण कृषि ऋणसमेत पाउन सकेका छैनन्।

पंक्तिकार उनको तरकारी बारीमा पुग्दा करेला, सिमी, टमाटर, फर्सी लगाउनका लागि ठाउँ तयार हुँदै थियो। कृषिमा काम गर्दाको दुईबर्से कालखण्डमा उनको नमीठो अनुभव छ, 'यहाँ कृषिका लागि भन्दै राजनीतिक पहुँच बनाएर सरकारी अनुदान हसुर्ने धेरै छन्, तर साँच्चिकै हामीजस्ता उत्पादनमै जोडिएका किसानलाई सरकारले नचिन्ने रहेछ।'

ललितपुर जिल्ला, गोदावरी नगरपालिकास्थित चापागाउँमा ब्रोइलर कुखुरापालन गरिरहेका एक युवा हुन् मनोज कार्की। उनी पनि एकदशकभन्दा बढी वैदेशिक रोजगारमा संलग्न रहे। विदेशी भूमिमा पसिना बगाउँदाबगाउँदै दिक्क मानेका उनी पनि स्वदेशमै केही गर्ने उत्साह बोकेर फर्किए। उनी नेपाल फर्किएकै वर्ष सरकारले विदेशबाट फर्किएका युवाहरूलाई सहुलियत ब्याजदरमा १० लाख ऋण दिने घोषणा गर्यो। उनी खुसी भए, आफूसँग भएको धेरथोर रकम अनि सरकारले दिने ऋणले कुखुरा पाल्ने सपना बुन्दै काम सुरु गरे। ऋण गरेरै टहरा बनाए र कुखुराका चल्ला हाले। दुई वर्ष भयो उनले कुखुरासँग बिताउन सुरु गरेको दैनिकी।

काम सुरु गरेपछि सरकारले घोषणा गरेको ऋण पाउन उनी पनि पटकपटक ब्यांक धाए। अनेक कागजपत्र जुटाएर बैंकमा आवेदन दिए। तर त्यो आवेदन कहाँ पुग्यो उनैलाई पत्तो छैन। अझै पनि ब्यांकले ऋण दिएको छैन। सरकारी घोषणा सरकारी दस्तावेजमै सीमित भयो।

जेनतेन ऋणधन गरेरै उनले कुखुरा पाल्ने आँट गरेर अहिले कुखुरा हुर्काइरहेका छन्। तर कुखुरा राम्रो भएका बेला बजारमा भाउ हुँदैन। बजारमा भाउ भएका बेला कुखुरा गतिला हुँदैनन्। अनि कुखुरा बजार भने चल्ला र दानावालाकै कब्जामा हुने गरेको छ। यिनले समग्र कुखुरा व्यवसायलाई नै नियन्त्रणमा लिएका हुन्छन्। अनि बजारले जहिल्यै पनि बोल्नेहरूकै पक्ष लिन्छ। नबोल्ने र नजान्ने किसानका पक्षमा न त बजार छ, न व्यापारी, न त सरकारले नै उपयुक्त नीति बनाउन सकेको छ। उनको पनि अमिलो अनुभव छ, 'यो देशमा सरकारले पनि गरिखाने हामीजस्ता साना किसानलाई नचिन्ने रहेछ।'

एक दिन प्रदेश ५ को कृषि विकास कार्यालयमा कृषि क्षेत्रमा प्रवाहित अनुदानबारेमा बुझ्न गइयो। त्यहाँका कृषि अधिकृतहरूसँग अनौपचारिक भलाकुसारी भयो। किसानका समस्या के हुन् ? कृषि र किसान हितका लागि सरकारले किन काम गर्न सकेको छैन ? किन सरकारी नीतिहरूले किसानलाई चिन्दैन ? किसानका समस्या समाधान गर्न किन सरकारी संयन्त्रहरू अग्रसर हुँदैनन् ? यी र यस्तै प्रश्न सम्बन्धित कृषि अधिकारीसँग राख्दा उनीहरू आफैं साँच्चिकै किसान हितका लागि काम गर्न नसकेकोमा गुनासो गर्दै थिए।

यस्तो किसान नचिन्ने नीतिले न कृषिकै विकास हुन्छ, न त किसानकै उन्नति। बिचौलिया हैन किसानलाई चिन्ने कृषि नीति ल्याउनुर्पयो।

अनौपचारिक संवादमा कृषि अधिकृतहरू नै स्वीकार गर्छन्, 'भन्नु भएन, नेपालको कृषि अनुदान नीति कागजपत्र मिलाएर खाने खालकै छ।' एक अधिकृतले अलिक खुलै भएर गुनासो गरे, 'कृषिसम्बन्धी ज्ञान हासिल गरियो। यही क्षेत्रमा काम गर्ने रहर भएरै यता लागियो। हामीलाई त किसान आफैं अनुदान र सहयोग लिन आइदिए हुन्थ्यो भन्ने लाग्छ। किसानकै उन्नति होस्। उत्पादन बढोस। हाम्रो ज्ञान साँच्चिकै काममा लगाउन पाइयोस्। किसानले प्रगति गरेको देख्न पाइयोस भन्ने लाग्छ तर, के गर्नु यहाँको संरचनागत उल्झन र किसानको अवस्था देख्दा आफूहरूले पनि चाहेजसरी काम गर्न नसक्दा दिक्कै लाग्छ।'

किसानका लागि भन्दै सरकारले घोषणा गर्ने




सहुलियतपूर्ण ऋण वितरण प्रक्रियाले किसानलाई भन्दा किसानका नाममा खडा भएका टाठाबाठा बिचौलियाहरूलाई नै पोस्ने काम गरेका ऋण प्रवाह गर्ने व्यक्तिहरू नै स्वीकार गर्छन्।

कृषि ऋण प्रवाह गर्ने सन्दर्भमा भएका नीतिगत एवं प्रक्रियागत असन्तुष्टि पोख्दै कृषि विकास ब्यांकका एकजना अधिकृत सुनाउँदै थिए, 'खासमा हामीले पनि साँच्चिकै कृषकका लागि काम गर्न सकेका छैनौं। अनेक प्रक्रियागत झन्झटका कारण वास्तविक किसान ब्यांक तथा वित्तीय संस्थाको पहुँचभन्दा बाहिर छ। अनि सहजताका लागि कृषकका नाउँमा खडा भएका तिनै बिचौलिया ब्यांकका ऋणी बनेका छन। हामीले तिनैलाई लगानी गरिरहेका छौं।'

यी केही प्रतिनिधि दृश्य हुन्, जसले कहीं न कहीं सरकारले लिएको कृषि नीति र व्यावहारिक अभ्यासबीच तादात्म्य नमिलेको झल्को दिन्छ। त्यसो त नीति र योजना बनाउने सवालमा नेपाल सरकार सधैं दुई कदम अगाडि नै छ। देशमा कुनै न कुनै नीति बनेकै हुन्छ। योजना चलेकै हुन्छ। कृषिकै सवाललाई हेर्दा सरकारले समग्र कृषि क्षेत्रको रूपान्तरण विकासका लागि भन्दै पाँच वर्षअघि नै बीसबर्से 'कृषि विकास रणनीति, २०१५-२०३५' ल्याइसकेको छ, भलै त्यो नीतिबारे किसान अनभिज्ञ किन नहोऊन् ? नीति त छ।

सरकारले समग्र कृषि क्षेत्रको प्रतिव्यक्ति कूल ग्राहस्थ उत्पादन उल्लेख्य बढाउने, कृषि क्षेत्रको उत्पादकत्व बढाउने योजनासहित ल्याएको कृषि विकास रणनीतिसँगै 'दसबर्से कृषि विकाससम्बन्धी मार्गचित्र योजना' पनि ल्याएको छ। यो योजना ल्याएको पनि पाँच वर्ष बितिसकेको छ। तर त्यो रणनीति न किसानमुखी हुन सक्यो, न त त्यसले किसानलाई नै चिन्न सकेको छ। बस्, ती नीतिगन व्यवस्थाको पैरवी गर्ने तिनै कृषि बिचौलिया छन् र त्यसबाट सरकारी लाभ लिने पनि तिनै छन्।

नेपालको कृषि विकाससम्बन्धी सरकारी नीति र किसानका समस्या ठीक उल्टो लाग्छ। सबैभन्दा पहिले किसानले कहिल्यै पनि बीउ र मल उचित समयमा पाउँदैनन। अनि पाइहाले पनि गुणस्तरहीन बीउ, मल। जसका कारण उत्पादनै हुँदैन। अहिले पनि पूर्वका किसानका सयौं हेक्टरमा लगाइएको मकै बालीमा मकैका घोगामा दाना नपसेको खबर आइरहेको छ। अन्नबालीमा गेडा नलाग्ने नयाँ समस्या होइन, तर सरकार त्यही तमासा हेरेरै बसिरहेको छ।

केही वर्षअघि पनि गुणस्तरहीन बीउका कारण मकैका बोटमा घोगा नलागेर किसान मकैका थांक्रा बोकेर आन्दोलन गर्न काठमाडौं आए। यसै वर्ष पनि दाङ, कपिलवस्तु, बाँके, बर्दिया, कैलालीलगायतका केही जिल्लामा किसानले लगाएका गरिमा जातको धान पसाएन। धान नपसाएपछि किसानको सयौं हेक्टरको धानबाली घाँसमा परिणत भयो। यस्ता घटना पटकपटक दोहोरिइरहेका छन्। बजारमा कृषकलाई नक्कली बीउ भिडाउने एग्रोभेट व्यापारीहरूलाई न त कुनै कारबाही हुन्छ, न त किसानले समयमै बाली नोक्सानीको क्षतिपूर्ति पाउँछन्। अन्न भित्र्याउने बेलामा अमिलो मुख बनाएर रित्तै फर्किनुपर्ने अवस्था पटकपटक दोहोरिँदा पनि राज्य उदासीन छ। सरकार मौन छ। अनि कृषिमन्त्री फेरि अर्की कृषि रणनीति बनाउनमै व्यस्त छन्।

कृषिका लागि सरकारका गतिविधि भने उट्पट्याङ लाग्ने खालका छन्। कृषि विकासका लागि राजधानी अनि सहरबजारका सुविधासम्पन्न होटेल तथा रिसोर्टहरूमा गोष्ठी, छलफल, सेमिनार, कार्यशाला अनवरत चलेकै छन्। अहिले राजधानी काठमाडौंमा हुने यसखाले छलफल, सेमीनार प्रादेशिक मुकाममा सरेका छन्। कृषि विकासका नाउँमा एकथरीले कागजी योजना बनाएरै दिन कटाइरहेका छन् भने स्थानीय तहमा सञ्चालित कृषि अभिमुखीकरण कार्यक्रम गमलाखेती, कौसीखेती अनि भान्सा कोठाको फ्रिजमा तरकारी राख्न सिकाउने विधिमै सीमित भएका छन्।

कृषिसम्बन्धी विमर्शमा अर्को एउटा ट्रेन्ड पनि छ- तथ्यांक केलाउने। कृषिका कुरा गर्दा जहिल्यै पनि सम्भावना र चुनौतीकै हुन्छ र त्यसको आधार प्रशोधित आँकडा नै हुने गरेको छ। अनि ती आँकडाले किसानका समस्या, कृषिका समस्या, बीउ-मलका समस्या, बजारका समस्यालाई कहिल्यै उजिल्याउँदैन। बरु एकोहोरो शैलीमा जमिन बाँझो रहेको, मान्छे कृषिबाट विमुख भएको, वर्षात्को प्रतिकूलताका कारण कृषि उत्पादन घटेको वा अनुकूलताका कारण बढेकोबारे नै कुरा हुन्छ।

सरकारको बीसबर्से कृषि रणनीति पनि त्यस्तै आँकडाहरूको संग्रहजस्तो देखिन्छ। जहाँ कृषिका धेरै सैद्धान्तिक पाटाक्षेपबारे मसिनो व्याख्या छ, तर किसानका जल्दाबल्दा समस्या र समाधानका उपायबारे मौनता। त्यसैले यस्तो किसान नचिन्ने नीतिले न कृषिकै विकास हुन्छ, न त किसानकै उन्नति। त्यसैले अब कृषिका कुरा गर्दा किसानलाई ध्यानमा राखेर, उनीहरूका सुरक्षालाई ध्यानमा राखेर गर्नुर्पयो। बिचौलिया हैन किसानलाई चिन्ने कृषि नीति ल्याउनुर्पयो। *-अन्नपूर्णपोष्टबाट*


**मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयद्वारा सूचना**

- सामाजिक घटना समयमै दर्ता गरौ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- शौचालय निर्माण गरौ,

**बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सूचना**

- सामाजिक घटना समयमै दर्ता गरौ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- शौचालय निर्माण गरौ,

**कन्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयद्वारा सूचना**

- सामाजिक घटना समयमै दर्ता गरौ
- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- शौचालय निर्माण गरौ,

**बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय द्वारा जनहितमा जारी सन्देश**

**जन्म ,मृत्यु,विवाह,बसाईसराई जस्ता घटना घटेको ३५ दिनभित्र**
सम्बन्धित वडा कार्यलय / नगरपालिकामा दर्ता गराऔ

- घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ,
- सडकमा छाडा चौपाया नछाडौ,
- नगर, टोल, बजार सफा राखौ
- सभ्य नागरिकको परिचय दिउ
- सवारी चलाउदा हरेक मोड हरुमा हर्नको प्रयोग गरौ

## मालपोत कार्यालय चन्द्रौटाको ३५ दिने हकदाबी सम्बन्धी सूचना

साविक जभावारी वडा नं ६ कित्ता नं ७०५ क्षेत्रफल ०-६-१२,कित्ता नं ७०७ क्षेत्रफल ०-३-८ शान्ति कर्मिनीको नाममा रहेको जग्गा निजका पति रामलखन कुर्मीको समेत मृत्यु भएको निजका अन्य छोरा छोरी कोही नभै आफु १ मात्रछोरी बाहेक अन्य हकवाला नभै आफुले मृतक जग्गाधनी पति पत्नीको जीवनमा सेवा र मृत्यु पछी काजकिरिया गरेकाले अपुताली हक अर्न्तगत सो जग्गा नामसारी गरी पाउन निवेदन पेश महाराजगंज ६ वस्ने नन्दनी चौधरीले गरेको। माग गरेको विवरण साफ नभएमा वा माँग असत्य भएमावा मृतक जग्गा धनी शान्ती कुर्मिनीका अन्य हकवाला भएमा वा अरु कसैले सेवा काज किरिया गरेका भएमा वा माँग बमोजिम नामसारी हुनुनपर्ने भएमा ३५दिनभित्र मृतक जग्गा धनी शान्ति कुर्मिनीका हकवाला सरोकारले यस कार्यालयमा सप्रमाण दावीको लागि हकवालाका नाममा यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ।

## मालपोत कार्यालय चन्द्रौटाको ३५ दिने हकदाबी सम्बन्धी सूचना

जिल्ला कपिलवस्तु विनयनगर ५ नौरङ्गीगा साविक भगवानपुर जल्ले अहिर र रारुप अहिरको संयुक्त नाममा रहेको भगवनपुर ४ ख कित्ता नं ७७ क्षेत्रफल ०-१२-५,कित्ता नं ९५क्षेत्रफल०-५-१५, कित्ता नं १०१ क्षेत्रफल १-१०-३ को जग्गा विजयनगर ५ कपिलवस्तु बस्ने आफ्नो दाजु सुन्दर अहिरको भाई भएको निजको १ मात्रपत्नी कुमारी अहिर भएकोमानिजतर्फ १ मात्रछोरा रामरुप अहिर जन्म भै, कुमार अहिर आफै संग प्र. विवाह (पोइल) भएको आफ्नो र भतिजा रामरुप अहिरको संयुक्त नाममा उपरोक्त जग्गा रहेको। रामरुप अहिर अविवाहित अवस्थमा मृत्यु हुँदा निजको हकवालाआफु वाहेक अरु कोही नभएको आफुले मृतकको सेवा काजकिरिया गरेको कारण मृतक भतिजा नाता पर्ने रामरुप अहिरको हिस्सा आफ्नो नाममा नामसारी गरी पाउन यस कार्यालयमा निवेदन पेश गरेको।माग गरेको विवरण सत्य नभएका वा मृतक जग्गाधनी रामरुप अहिरका अरु हकवाला, अरु भएमा वा माँग असत्य भएमा वा माग बमोजिम नामसारी नहुनु पर्ने भएमा वा माग बमोजिम नामसारी हुदा कसैको हकदैयामा असर पर्ने भएमा प्रमाण सहित ३५ दिनभित्र यस कार्यालयमा दावी गर्नुहुन मृतक जग्गाधनी रामरुप अहिरका हकवालाका नाममा यो सूचना प्रकासित गरिएको छ।

## कृष्णनगर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### कृष्णनगर कपिलवस्तु
### ५ नं प्रदेश नेपाल

visit nepal 2020 Lifetime Experiences

प्रथम पटक प्रकाशित मिति : २०७६/११/१९

नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय,स्थानिय शाशन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत यस न.पा मा खटिई कामकाज गर्ने गरी सूचना प्रविधिक अधिकृत सेवा करारमा लिनु पर्ने भएकोले तपसिल वमोजिमका योग्यता,अनुभव भएका ईच्छुक नागरिकहरुलाई प्रथम पटक प्रकाशितभएको मितिले १५ दिन भित्र लोकसेवा आयोगवाट निर्धारित फारममा यस कृष्णनगर नगरपालिको कार्यालय, कृष्णनगर कपिलवस्तुमा दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद विवरण | |
|---|---|---|---|---|
| | | | सेवा /समुह | माग संख्या |
| १ | १-०७६/७७ | सूचना प्रविधि अधिकृत IT OFFICER | विविध | १ (एक) |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता : लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थावाट computer of information Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय ( BIT,BIM,BBIS,BCA,BCIS,BEIT,BSC.IT,BSC.CSIT) मा स्नातक गरेको

२. उमेरको हद : २१ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष

३. सेवा प्रकार : करार

४. सेवा सुविधा : मासिक रु ४००००।-

५. सेवा अवधि : नेपाल सरकारले सो पदमा व्यवस्था गरेकोमा वाहेक २०७७ असार मसान्त सम्म

**६. व्यक्तिगत विवरण**

क) निवेदनको साथमा व्यक्तिगत (BIO–Data)

ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी

ग) नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

घ) दरखास्त दिने पदसंग मिल्ने अनुभव खुल्ने कागजात भए सो समेत

७. दरखास्त दिने अन्तिम मिति : २०७६/१२/३ गते कार्यालय समय भित्र

८. सम्पर्क मिति : पछि कार्यालयमा सुचना टाँस गरी वा टेलिफोन वा ई-मेल मार्फत जानकारी गराईन्छ।

९. परिक्षाको किसिम : तोकिएको सुचकहरुको आधारमा वा short list तयार गरी आवश्यक प्रक्रिया अवलम्बन गरि छनौट गरिने छ। (लिखित,प्रयोगात्मक,मौखिक आवश्यता अनुसार

१०. परिक्षा दस्तुर : रु १०००।- (एक हजार मात्र )

**नोट : थप अन्य कुरा बुझ्न परेमा यस कृष्णनगर नगरपालिकाको कर्यालय ,कृष्णनगर कपिलवस्तु सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## बाणगंगानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बाणगंगा, कपिलवस्तु
### ५ नं.प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धीआशयको सूचना

सूचनाप्रकाशितमिति : २०७६/११/१९

बाणगंगानगरपालिकाबाट सूचनाप्रकाशितगरिए बमोजिम पर्न आएकाबोलपत्रहरुमध्ये न्यूनतममूल्यांकित सारभूत रुपमाप्रभावग्राहीभई स्वीकृतिकालागिसिफारिस हुनआएकाले सार्वजनिकखरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्तबोलपत्रसँग सम्बन्धित सबैको जानकारीकालागि यो सूचनाप्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रकम रु.मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 21/NCB/BMO/KAPIL/WORKS/76-77 | Ward Level Health Care Center Type 2 at Ward 1,3,6 and 7 | HimalNirmanSewa | 1,13,62,495.60 | |
| 2 | 22/NCB/BMO/KAPIL/WORKS/76-77 | BankattiBahadurpurJodneSadakKalopatre | TabasreeNirmanSewa | 31,13,041.34 | |
| 3 | 23/NCB/BMO/KAPIL/WORKS/76-77 | BhadsawaBankatawaBargadawaSadakKalopatre | BRC Construction | 35,02,390.19 | |

प्रमुख प्रशासकीय अधिकृत

## पूर्वसभामुख ...

कम्पनी कालिका कन्ट्रक्सनका राजेन्द्र श्रेष्ठलाई आग्रह गर्नुभयो। कोइलाबास सडक संग दाङ सहित साविक राप्ती अंचलको भविष्य जोडिएको छ, सडक निर्धारित समयाबधि भित्रै सक्नुहोला, महराले भन्नुभयो । पूर्व सभामुख महराले जनयुद्धको समयमा कोइलाबास क्षेत्रमा आफुहरु धेरपटक आवत जावत गरेको स्मरण गर्दै कोइलाबासको विकास आवश्यक रहेको बताउनुभयो । जनयुद्धको समयमा पटक पटक यस क्षेत्रबाट वारपार गरिन्थेयो, पहिलेको तुलनामा विस्तारै परिवर्तन हुँदै छ, यस क्षेत्रको विकास हुन्छ, महराले भन्नुभयो। महरासंगै रहनुभएका गढवा गाउँपालिका अध्यक्ष सहजराम यदवले गढवा गाउँपालिका क्षेत्रमा पर्ने कोइलाबास र नाका क्षेत्रको बारेमा जानकारी गराउनु भएको थियो।

कोइलाबासमा पूर्वसभामुख पुगेपछि स्थानीइ खुसी भएका छन् । स्थानीइले पूर्वसभामुख महरालाई फुलमालाले स्वागत गरेका थिए । हाम्रो बिकट क्षेत्रको रुपमा रहेके कोइलाबासमा पूर्वसभामुख आउनु हाम्रो लागि राम्रो अवसर पनि हो । गढवा गउँपालिका वडा नम्बर ८ का अध्यक्ष श्रदाम सिद्धिकीले भन्नुभयो। वडा अध्यक्ष सिद्धिकीले आफुले वडा स्तरबाट गरेका कामहरुको बारेमा पूर्वसभामुख महरालाई जानकारी गराउनु भएको थियो।

यस्तै पुर्वसभामुख कृष्णवहादुर महरालाई गढवामा भव्य स्वागत गरिएको छ। पार्टी कार्यकर्ता, शुभसचिन्त्क तथा सर्वसाधरण(ाले पूर्वसभामुख महरालाई बाजागाजा सहित गढवाको चोक देखी फलुमालाले स्वागत गर्दै उद्योग बाणिज्य संघको कार्याल्य सम्म पुऱ्याएका थिए। स्वागत पछि आयोजना गरिएको कार्यक्रममा सभामुख महराले आफु राष्ट्रियताको पक्षमा अडिक भएरु लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । म राष्ट्रियता प्रर्ति सधै अडिक भएर लाग्नुछु, जनजीवीका र विकासको सवालमा मेरो लगाव सधै रहने छ, महराले भन्नुभयो । जनताको समु कुनैपनि शत्तीको केही नलाग्ने बताउँदै महराले आफ्नो जित जनताको जित भएको दोहोराउनुभयो । यस्तै कार्यक्रममा पछिल्लो समय संघीय लोकतान्त्रक गणतन्त्र प्रति खतरा बढ्दै गइरहेको पनि बताउनुभयो । पछिल्लो समय लंघीय लोकितान्त्रिक गणतन्त्र संकटमा पर्दै गइरहेको छ, त्यसको केही संकेतहरु सतहमा देखा पर्दैछन, महराले भन्नुभयो। कार्यक्रममा राष्ट्रिय जनमोर्चा परित्याग गरी दुइजना नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा प्रवेस गराउनु भएको थियो।

## भ्रमण वर्षको चम्किलो तारा...

पर्यटकलाई सेवा सुबिधाका लागि ४ जना कर्मचारी पनि परिचालन गरिएको छ। प्रतिशत ब्यवस्थापनमा खर्च भएको ४ वटा कर्मचारी पनि परिचालन गरिएको छ। बनभोज संगै अरु कार्यक्रमबाट संकलन भएको रकलाई केही प्रतिशत राजापनी स्थलमा खर्च गर्ने र बाकी नगरका अन्य सामाजिक क्षेत्रमा परिचालन गर्ने उहाको भनाई छ। अहिले बनभोजका लागि मात्र दिनमा ३०/३२ वटा समुह आउने गरेको बताईएको छ । यस वनमा दैनिक जसो आन्तरिक र वाहिय गरि दैनिक ३ सय पर्यटकहरु आउने गरेको वनका अध्यक्ष अधिकारीले बताए । सदाबहार बगिरहने सानो खोला , आकर्षक पुल , सुबिधा सम्पन्न रेष्टुरेन्ट, पश्चिम, उत्तर र दक्षिणपट्टि हराभरा बनले घेरेको साथै नजिकै पिकनिक स्पोट, खेलमैदान, पर्यटकहरु घुम्ने पार्क ,चराचुरुङ्गीको चिरचिरावट सहितको यो मनोरम क्षेत्र साचो अर्थमा पर्यटन गन्तब्य बन्न उन्मुख छ। यस क्षेत्रलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने वाणगंगा नगरपालिकाका उपमेयर चक्रपाणी अर्यालले बताए। राजापानीमा बिशेष गरि वनभोज खाने समुह, पारिवारिक घुमघाम तथा युवायुवतीहरुको पहिलो रोजाई पर्ने गरेको छ । खासगरी शनिबारको दिन यी पर्यटकीय क्षेत्रमा भीड बढी हुने गरेको छ। शनिबार सार्वजनिक बिदा हुने भएकाले विद्यार्थी तथा कर्मचारी परिवारका साथ घुम्न आउने गरेकोछन।

तालतलैयामा पर्यटकको आर्कषणका लागी बिभिन्न मनोरंजनात्मक क्रियाकलापहरु पनि रहेका छन । बोटिंग, केही बालमैत्री पार्क र आर्कषक पोखरी जस्ता आर्कषण रहेको अध्यक्ष अधिकारीले बताए । बिगत केही बर्षदेखी सञ्चालनमा आएको थ्रिएस वाटर किंग रेष्टुरेन्टमा सुबिधा सम्पन्न खानाबस्नको ब्यवस्था संगै बोटिंग ब्यवस्था पनि यसै रेष्टुरेन्टले सञ्चालनमा गरेको हो । वरिपरि पोखरीले घेरिएको हरियाली रेष्टुरेन्टमा बिभिन्न म्यूजिक भिडियो संगै चलचित्रहरुको पनि सुटिङ हुदै आएको छ। भगवान गौतम बुद्धको राजधानी कपिलवस्तुको तिलौराकोट रहेको र पहिलेका राजाहरु जंगलमा शिकार खेल्न आउदा राजापनीमा आएर पानी खाएको बिश्वासका आधारमा सोही स्थान राजापानी हुन गएको हो । राजापानी सामुदायिक वन कपिलवस्तु जिल्लाको महत्वपुर्ण वनको रुपमा पनि चिनिन्छ । साथै पुरानो ऐतिहासिक स्थल राजापानीको नामाकरणवाट परिचित छ। स्थानियमा वन हाम्रो सम्पत्ति हो र संरक्षण गर्नु पर्छ भन्ने भावना विकास भएको छ। २०५५ सालमा स्थापना भएको राजापानी सामुदायिक वनमा साविक गजेहडा गाविसका १ देखि ६ हुदै वडा नं ८ र ९ , साविक पटना गाविसको वडा नं ५ भावपुर र साविक हथौसा गाविसको वडा नं १ हथौसा सहित १६ वटा मौजामा रहेका २३ सय ३५ यस सामुदायिकवनका उपभोक्ता रहेका छन।

## नगरवासीहरूमा सिद्धार्थ नगरपालिकाको अनुरोध

१. फोहर जथाभावी नफालौं।
२. आफ्नो घर आंगन सफा राखौं।
३. आ-आफ्नो घरबाट निस्कने फोहर कुहिने र नकुहिने गरी छुट्टायर राखौं।
४. घरजग्गा कर, व्यापार कर समयमै बुझाऔं, ।
५. बाख्रा ,गाई गोरु हांस कुखुरा जथाभावी नछाडौ।
६. निमार्ण सामाग्री सडक तथा सार्वजनिक स्थलमा जथाभावी नराखौ, निमार्ण कार्य सम्पन्न भएपछि निमार्ण सामाग्रीको उचित व्यवस्था गरौ।
७. आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने,सलाई लाईटर,मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउमा नराखौं ।
८. नगरपालिकाबाट नक्सा पास गराएरमात्र भुकम्प प्रतिरोधी भवन निर्माण गरौं।
९. सफा र सुन्दर शहर निर्माण गर्ने दायित्व हामि सबैको हो, सभ्य नगरवासीको परिचय दिऔं।

**अनुरोधक**

**सिद्धार्थ नगरपालिकाको कार्यालय**

**भैरहवा ,रुपन्देही- प्रदेश नं.५ नेपाल**

## नगरवासीहरूमा बर्दघाट नगरपालिकाको अनुरोध

१. फोहर जथाभावी नफालौं।
२. आफ्नो घर आंगन सफा राखौं।
३. आ-आफ्नो घरबाट निस्कने फोहर कुहिने र नकुहिने गरी छुट्टायर राखौं।
४. घरजग्गा कर, व्यापार कर समयमै बुझाऔं, ।
५. बाख्रा ,गाई गोरु हांस कुखुरा जथाभावी नछाडौ।
६. निमार्ण सामाग्री सडक तथा सार्वजनिक स्थलमा जथाभावी नराखौ, निमार्ण कार्य सम्पन्न भएपछि निमार्ण सामाग्रीको उचित व्यवस्था गरौ।
७. आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने,सलाई लाईटर,मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउमा नराखौं ।
८. नगरपालिकाबाट नक्सा पास गराएरमात्र भुकम्प प्रतिरोधी भवन निर्माण गरौं।
९. सफा र सुन्दर शहर निर्माण गर्ने दायित्व हामि सबैको हो, सभ्य नगरवासीको परिचय दिऔं।

**अनुरोधक**

**बर्दघाट नगरपालिकाको कार्यालय**

**बर्दघाट,नवलपरासी(बर्दघाट-सुस्ता पश्चिम) प्रदेश नं.५ नेपाल**

## जनहितमा जारी सन्देश

- वन र वातावरण जिवनको अभिन्न अङ्ग हो ,त्यसैले यसको संरक्षण पनि हामी सबैको कर्तव्य हो।
- जैविक विविधताको संरक्षण गर्दै,वन जंगलको संरक्षण गरौं।
- वन भित्रका ताल तलैयाको उचित व्यवस्थापन गरौं।
- वन क्षेत्रमा रहेका वन्य जन्तुको संरक्षण गर्दै, खाली जमिनमा वृक्षारोपण गरौं।
- वनको अतिक्रमण तथा विनास गर्ने कार्य रोकौं ,वन जन्य उत्पादनको चोरी निकासी वन्द गरौं
- वनको वैज्ञानिक व्यवस्थापन गरौं,वोट विरुवाको संरक्षण गरौं।

अनुरोधक

- **मायाँदेवी साझेदारी वन व्यवस्थापन समिति**, कपिलवस्तु
- **तिलौराकोट साझेदारी वन व्यवस्थापन समिति**,कपिलवस्तु
- **गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति**,कपिलवस्तु
- **कपिलवस्तु साझेदारी वन व्यवस्थापन समिति**, कपिलवस्तु
- **शिजराज साझेदारी वन व्यवस्थापन समिति**, कपिलवस्तु
- **लुम्बिनी साझेदारी वन व्यवस्थापन समिति** रुपन्देही

# सुविधा सम्पन्न अदालत भवन

**प्रेम आचार्य**
अर्घाखाँची १८ फागुन

जिल्ला अदालत अर्घाखाँचीको सन्धिखर्कमा बनेको सुविधा सम्पन्न नवनिर्मित तीन तले भवनको एक कार्यक्रमका बित उद्घाटन भएको छ।

द्धन्द्ध कालमा माओवादी आक्रमणमा अदालत कार्यलयको भवन नष्ट भएको थियो । आधुनिक तरिका बाट निर्माण भएको भवनमा वैतनिक वकिल कक्ष, स्तनपान कक्ष, थुनुवा कक्ष, काउण्टर सहितको मुद्धा शाखा, मेलमिलाप केन्द्र, वाल इजलास, वालमैत्री कक्ष समेत रहेका छन् ।




चार करोड ९८ लाखको लागतमा निर्माण भएको तीन तले भवनको सर्बोच्च अदालतका बरिष्ठ न्याधीस हरिकृष्ण कार्कीले उद्घाटन गरेका हुन् । उद्घाटन गर्दै बरिष्ठ न्याधीस कार्कीले अदालतको काम फैसला गर्नु मात्र नभएको बताए । उनले न्याय लिन आउने सेवाग्राहीलाई हित हुने गरी अपांगमैत्री तथा स्तनपान कक्ष समेत रहने गरी भवन निर्माण भएको बताएका छन् ।

फैसला गरेर एक पक्षको जित र अर्को पक्षको हार हुने , मानिसलाई झगडा बढाउने भन्दा पनि मेलमिलापकर्ताबाट मुद्दाको मिलाप गराउन अदालत लागि रहेको बताए । अदालतमा आउने विवादहरु राजनितिक प्रकृति र व्यक्तिगत पक्ष सबैको भएको बताए।

उद्घाटन समारोहमा प्रदेश सांसद रामजी प्रसाद घिमिरे, जिल्ला समन्वय समिति प्रमुख पिताम्वर शर्मा, जिल्ला न्याधीस वासुदेव नयौपाने, प्रमुख जिल्ला अधिकारी विजयराज पौडेल लगायतले मन्तब्य राखेका थिए। कार्यक्रम उच्च अदालत दांगका बुटवल इजलास प्रमुख न्याधीस रमेश पोखेलको अध्यक्षता र श्रेस्तेदार महेस खनालको सञ्चालनमा सम्पन्न भएको हो।

# शिल्डको उपाधि नेपाल आदर्श माविलाई

**माधव बेल्वासे**
कपिलवस्तु १८ फागुन

कपिलवस्तुको शिवराज नगरपालिकामा संचालन भएको राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि नेपाल आदर्श माध्यमिक विद्यालय शिवपुरले पाएको छ। रनिङ्ग शिल्ड तर्फ दोस्रो समयथान माध्यमिक विद्यालय खरेन्द्रपुर, तेस्रो प्रकाश माध्यमिक विद्यालय सुन्दरी डाडाँ भएको खेल संयोजक नेत्रप्रसाद बेल्वासेले जानकारी दिनुभयो। नगरका ११ विद्यालयको सहभागिता रहेको रनिङ्ग शिल्डमा प्रथम हुने विद्यालय नेपाल आदर्श मा.वि.लाई नगद ११ हजार शिल्ड मेडल र प्रमाण पत्र , दोस्रो समयथान माविलाई नगद ७ हजार मेडल र प्रमाण पत्र, तेस्रो स्थान प्राप्त गर्ने प्रकाश मावि लाई मेडल र प्रमाण पत्र प्रदान गरिएको छ।

फागुन ११ गते वाट सुरु भएको खेलकुद महोत्सवमा मेयरकप र उपमेयर कप प्रतियोगिता समेत सम्पन्न भएको छ । मेयर कप तर्फ फुटबल खेलमा गोल्डेन स्टार युवा क्लब बानियाँभार विजेता भएको छ भने शिवशक्ति युवा क्लब उप विजेता भएको छ। मेयर कप तर्फ नै क्रिकेट र भलिबल प्रतियोगितामा राजिङ्ग स्टार युवा क्लब चन्द्रौटा , भलिवलको उपविजेतामा न्यू शिवपुर युवा क्लब बनेको छ। उप मेयर कप तर्फको फुटबल प्रतियोगितामा जयबुद्ध युवा क्लब विजेता र गोल्डेन स्टार युवा क्लब उप विजेता भएको छ । महिला फुटबल प्रतियोगितामा जयबुद्ध युवा क्लब नै विजयी भएको छ । मेयर र उपमेयर कपमा फुटबल तर्फ प्रथम हुने टिमलाई नगद २५ हजार रुपैयाँ ,क्रिकेट तर्फ १५ हजार रुपैयाँ नगद शिल्ड प्रमाण पत्र प्रदान गरिएको शिवराज नगरपालिकाका शिक्षा शाखा प्रमुख लोकराज पन्थीले बताउनुभयो । कुल ९ लाख बजेट रहेको नगर खेल महोत्सवमा ८ सय जना खेलाडी सहभागि भएका थिए । ५० खेलमा प्रतिस्पर्धा भएको नगर खेल महोत्सव भव्य सभ्य र निकै सौहाद्रपूर्ण बाताबरणमा सम्पन्न भएको नगर खेलकुद विकास समितिका अध्यक्ष नेत्र बेल्वासेले बताउनुभयो।

खेल महोत्सवको समापनमा जनप्रतिनिधी र कर्मचारी विच मैत्रीपूर्ण फुटबल प्रतियोगिता समेत सम्पन्न भएको छ। नगरपालिकाका कर्मचारी र जनप्रतिनिधी विच भएको मैत्री पूर्ण खेलमा कर्मचारीले जनप्रतिनिधीलाई ० का विरुद्ध ७ गोल गर्दै कर्मचारीको टिम विजयी भएको छ । खेलको पहिलो हाफमा नै ४ गोल खाएका जनप्रतिनिधीले खेलाडी घुसपैठ गरे पनि आफ्नो खातामा गोल जोड्न सकेनन्। ६५ बर्षिय नगर प्रमुख नेत्रराज अधिकारी खेल सुरु भएको पहिलो हाफमा कर्मचारीका विरुद्ध सारै खनिए पनि दोस्रो हाफमा भने थकित मुद्रामा मैदानबाट बाहिरीएका थिए । मेयर खेलबाट बाहिरीए संगै प्रमुख प्रशासकिय अधिकृत शेषकान्त पौडेल पनि खेलबाट बाहिरीएका थिए।

# नेविसङ्घद्वारा देशव्यापी प्रदर्शन

रुपन्देही १८ फागुन

नेपाली काँग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घले पुस्तकमा लगाएको मूल्यवृद्धि फिर्ता लिन माग गर्दै देशभर विरोध गरेको छ। सङ्घले पुस्तकमा लगाइएको १० प्रतिशत कर खारेज गनुपर्ने, इन्धनमा गरिएको मूल्यवृद्धि फिर्ता लिनुपर्ने, भ्रष्टाचारीलाई कानूनी कारवाही गर्नुपर्ने, स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सुनिश्चितता गर्नुपर्नेलगायतका माग राखी आज देशभर विरोध गरेको हो।

नेविसङ्घले उपत्यकाका त्रिचन्द्र, नेपाल ल कयाम्पस, शङ्करदेव, सरस्वती, पाटन, पशुपति, ग्रामीण आदर्शलगायतका क्याम्पस र देशभरका विभिन्न क्याम्पसअगाडि प्रदर्शन गरेको महामन्त्री दीपक भट्टराईले जानकारी दिनुभयो।

महामन्त्री भट्टराईले वर्तमान सरकारले जनताको हितमा काम गर्न नसकेको उल्लेख गर्नुभयो। “सरकारले जनतालाई राहत दिनुपर्नेमा झन् महँगी बढाउँदै लगेको छ”, उहाँले भन्नुभयो। अर्का महामन्त्री मनोज वैद्यले नेविसङ्घले राखेका माग सरकारले पूरा नगरे निरन्तर आन्दोलन गर्ने बताउनुभयो।

।

उता नेपाल विद्यार्थी संघ सिद्धार्थ गौतमबुद्ध क्याम्पस इकाई समिति बुटवलले नेविसंघ केन्द्रीय समितिको निर्णय बमोजिम आईतवार क्याम्पस अगाडी विरोध कार्यक्रम गरेको छ।

नेपाल सरकार मन्त्रीपरिषदको निर्णय बमोजिम पुस्तकमा लगाएको कर १० प्रतिशत र इन्धनमा कर बापत १० रुपैया प्रतिलिटर उपभोक्ताबाट उठाउने निर्णयको विरोध गर्दै विरोध सभा गरेको हो।

त्यसैगरी स्ववियु निर्वाचनको मिति तत्काल घोषणा गर्न तथा सुरक्षित मुद्रण मेसिन खरिद अनियमितताको विरोधमा समेत उक्त कार्यक्रम गरेको हो।

नेविसंघ केन्द्रीय उपाध्यक्ष मुक्तिराज पौडेलको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा नेता पौडेलले सरकारले निशुल्क शिक्षा प्रदान गर्नुपर्नेमा कर लगाएर विद्यालाई जनताको पहुँच बाहिर पुराएको र ईन्धनमा कर लगाई सरकार भष्टचारमा लिप्त रहेकोले कर फिर्ता गरि सबैको पहुँचमा शिक्षा पुऱ्याउन माग गर्नुभयो।

इकाई सभापति महेश शर्माको सभापतित्वमा भएको कार्यक्रमा सभापति शर्माले प्रधानमन्त्रीले कर बढाएर मन्त्रीहरुलाई भ्रष्टाचारमा लिप्त बनाएको र विद्वानहरुलाई किताबको पहुँच बाहिर पुऱ्याएर देशलाई भ्रष्टाचारको अखडा बनाउन खोजेकोमा विरोध गरि सरकारलाई तत्काल सुध्रन आग्रह गर्नुभएको थियो।

**+ पावरटिलर (हातेट्याक्टर)माजोडेरधान, गहुँ काट्ने मेशिन (रिपर) किन ?**

- पावर टिलरबाट चलाउन सकिने ।
- जमिनको साइजअनुसार १ घण्टामा ५ देखि १० कट्ठा सम्म काट्न सकिने ।
- यस मेसिनबाट धान तथा गहुँ फेदैबाट काट्न सकिने हुँदा नल पराल खेर नजाने तसर्थः गाई बस्तु पाल्ने किसानको लागि अत्यन्त उपयोगि हुन्छ ।
- कम्बाइन हावेस्टर प्रयोग गर्न नसकिने साना तथा हिलो जमिनमा (केज ब्हिल लगाएर) बाली काट्न सकिने ।
- डिजल खपतः प्रतिघण्टा १ लिटर देखि सवा १ लिटर सम्म हुन्छ ।
- रिपरबाट धान काट्दा प्रति घण्टा ६०० का दरले जम्मा रु ५००० देखि ६००० खर्चमा एक बिगाहा धान काट्न सकिन्छ भने मानिसले काट्दा करीब रु ८००० देखि १०००० सम्म खर्च लाग्छ ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कपिलवस्तुद्वारा जनहितमा जारी सन्देश ।**













कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : शैलेन्द्र कुमार चौधरी
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही